# साधारण शेयरको हकप्रद निष्काशन (Right Share Issue) को लागि शेयरधनी दर्ता पुस्तिका बन्द वारेको सूचना

यस यूनाइटेड फाईनान्स लिमिटेडको मिति २०७२/०८/२६ गते बसेको २१औं वार्षिक साधारण सभाबाट पारित भए वमोजिम हाल कायम चुक्ता पूँजी रु४६,३९,३४,५८७/- को आधारमा साविकका शेयरधनीहरुलाई ४ : १ को अनुपातमा (अर्थात विद्यमान चार कित्ता साधारण शेयर बराबर नयाँ एक कित्ता साधारण शेयरका दरले) साधारण शेयरहरुको हकप्रद निष्काशन प्रयोजनका लागि मिति २०७३/०३/२० गते (एक दिन) शेयरधनी दर्ता पुस्तिका बन्द गरिने व्यहोरा शेयरधनीहरु लगायत सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध गर्दछौं । शेयरधनी दर्ता पुस्तिका बन्द भएको मितिभन्दा अघिल्लो दिनसम्म अर्थात मिति २०७३/०३/१९ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई दर्ता पुस्तिका बन्द भएको मितिले ७ (सात) कार्य दिनसम्म शेयर नामसारी तथा दाखिल खारेजका लागि आवश्यक कागजात सहित यस कम्पनीको काठमाडौं दरवारमार्ग, काठमाडौं स्थित प्रधान कार्यालयको शेयर शाखामा पेश भएको बिबरणको आधारमा कायम भएका शेयरधनीहरुले मात्र यस हकप्रद शेयरको लागि दरखास्त दिन पाइने हुँदा सम्बन्धित सबै शेयरधनीहरु तथा खरिदकर्ताहरुले सोही अनुसार शेयर नामसारी गर्नुहुन समेत अनुरोध गर्दछौं ।

**यूनाइटेड फाईनान्स लिमिटेड**
**United Finance Limited**

*(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजत पत्र प्राप्त संस्था)*

प्रधान कार्यालयः आई.जे. प्लाजा, दरबारमार्ग, काठमाण्डौ, फोन नं. ४२४१६४८, फ्याक्स नं. ४२४१६४५
वेवसाइटः www.ufl.com.np इमेलः info@ufl.com.np